# नेपालमा दिगो कृषि विस्तारका चुनौति र सम्भावनाः एक अर्थ राजनैतिक दृष्टिकोण

■ अनिल भट्टराई*

डिसेम्बर २७, २००९ को नागरिक दैनिक प्रत्रिकामा छापिएको 'जैविक भन्दैमा कहाँ हुन्छ र ?' शीर्षकको आफ्नो लेखमा पत्रकार रामचन्द्र भट्टले नेपालमा केही वर्षदेखि बढी चर्चामा आउँदै गरेको रसायनिक मल तथा रसायनिक विषादिको प्रयोग नगरीकन गरिने जैविकजैविक खेती प्रणालीको बारेमा कटाक्ष गरेका छन् । लेख लेख्नु केही दिन अघि धादिङ्गका केही ठाउँमा किसानहरू जैविक खेतीमा लागेको देखेर उनलाई ताज्जुब लागेछ । उनको विचारमा ती किसानहरू हुटहुटीमा कुँदिरहेका छन्, र सरकारी र गैरसरकारी संस्थाहरू यो हुटहुटी सिर्जना गर्न लागिपरेका छन् ।

सरकारले ल्याएको जैविक खेती निर्देशिकाको पालना भए नभएको हेर्ने कुनै व्यवस्था नभएको अवस्थामा सहरका उपभोक्ताहरू जैविकको नाममा ठगिन सक्ने कुरामा सतर्क हुनुपर्ने उनको ठहर छ । त्यतिसम्म त उनको आलोचना सराहना योग्य नै छ । तर उनी त्यतिमै सीमित छैनन् । जनसंख्याको ठूलो हिस्सालाई राम्ररी खान नपुग्ने हाम्रो जस्तो देशमा जैविक खेती उपयोगी हुँदैन किनभने यसले बढी उत्पादन दिन सक्दैन, उनी ठोकुवा गर्छन् । यहाँनेर चाहिँ उनको विचार र वास्तविकता बीच ठूलो खाडल देखिन्छ ।

नेपालमा विगत केही वर्षदेखि जैविक खेतीको चर्चा निक्कै बढेको छ । पत्रपत्रिकामा यसबारे समाचार तथा लेख छापिन थालेका छन् । देशका सरकारी योजना हेर्दा मूलतः रसायनिक मल, विष, तथा विकासे बिउमा आधारित बजारउन्मूख खेतीको प्रवर्द्धनमा विगत पाँच दशक देखिको निरन्तरता देखिन्छ । तर विगत केही वर्षदेखि सरकारी तवरमा पनि नीतिगत तथा कार्यक्रमिक हिसाबले प्राङ्गारिक खेतीको प्रवर्द्धनमा संलग्नता बढ्दै गएको देखिन्छ । केही जिल्लाका कृषि अधिकृतहरू जिल्लालाई विषादी तथा रसायनिक मलमुक्त जिल्लामा परिणत गर्ने अभियानमा संलग्न भएका छन् । आस्था टेलिभिजन च्यानलबाट निरन्तर आउने योगी रामदेवका विचारले गर्दा पनि स्वास्थ्यका बारेमा सोच्नेहरू जैविक खानुपर्छ

**जैविक खेतीपातीले नेपालको हालको र बढ्दै गएको जनसंख्यालाई थेग्ने खाना उत्पादन गर्न सकिँदैन भन्ने कुरा आम मानिसमा तथा नीति निर्माताबीच पनि बसेको छ । नेपालमा दीगो खेतीपातीको आन्दोलनमा लाग्नेहरूका लागि यो जमेर रहेको विचारलाई चिर्नु एउटा ठूलो चुनौती रहेको छ ।**

* *लेखक जैविक जीवनको अभियानमा आबद्ध हुनुहुन्छ ।*

भन्ने ठान्दै छन् । नेपालका हरेकजसो ठूला तथा मझ्यौला सहर तथा बजारमा रामदेवका पसल खुल्नुले पनि यसप्रति मानिसको आकर्षण बढ्दो छ भन्ने देखिन्छ । जैविक भनिने "अर्गेनिक" शब्द नै पनि नेपाली जनजिब्रोमा बिस्तारै झुन्डिन थालेको छ ।

तर पनि जैविक खेतीपातीले नेपालको हालको र बढ्दै गएको जनसंख्यालाई थेग्ने खाना उत्पादन गर्न सकिँदैन भन्ने कुरा आम मानिसमा तथा नीति निर्माताबीच पनि बसेको छ । नेपालमा दीगो खेतीपातीको आन्दोलनमा लाग्नेहरूका लागि यो जमेर रहेको विचारलाई चिर्नु एउटा ठूलो चुनौती रहेको छ ।

## आधुनिक कृषिका विश्वासहरू

रसायनिक मल तथा विषादीको प्रयोग नगरीकन बढ्दो जनसंख्यालाई चाहिने खाना उत्पादन गर्न सकिँदैन भन्ने कुरा तथ्यमा आधरित नभएर आधुनिक जमानाको एउटा अन्धविश्वास मात्रै हो । खेतिपाती सम्बन्धी हामी धेरैजसोका विचार नेपालमा चलाइएको आधुनिक कृषि विकासका कार्यक्रमबाट निर्माण भएका हुन् । नेपालमा रासायनिक मल, विषादी तथा विकासे बिउबीजनमा आधारित कृषिको प्रयोगको हिसाबले तीन दशक अघि मात्रै व्यापक विस्तार भएको हो । राणा शासनको उत्तरार्द्धतिर आधुनिक खेतीका प्रविधिहरूको प्रयोग सुरु भएको हो । तर राणाहरू यसको विस्तारमा चाहिने स्रोतहरु आफै जुटाउन सक्ने अवस्थामा थिएनन् । केही मानिसलाई पढ्न जापान वा भारत पठाउने र केही सिँचाइ योजना शुरु गर्ने भन्दा बढी उनीहरूले गर्न सकेनन् ।

राणा शासनको अन्ततिर तत्कालीन नेपाल सरकार र अमेरिकी सहयोग नियोगसँगको चार बुँदे कार्यक्रम सम्झौता भएपछि भने नेपालमा विकास र आधुनिकीकरण सम्बन्धी सोचाइ तथा प्रयोगको व्यापक विस्तार हुन थाल्यो । यो चार बुँदे कार्यक्रम दोस्रो विश्वयुद्धको अन्तसँगै विश्वमा उदाउँदो शक्ति राष्ट्र अमेरिकाको नेतृत्वमा रहेको पश्चिमी देशको बाँकी विश्वमा आफ्नो प्रभाव कायम राख्ने र विस्तार गर्ने परियोजनाको रूपमा विश्वका अविकसित भनिने मुलुकमा विस्तार भएको हो । अमेरिकी प्रविधि तथा ज्ञानको माध्यमबाट यी देशमा रहेका शिक्षा, स्वास्थ्य, भोकमरी जस्ता समस्याको समाधान खोज्ने लक्ष्यबाट यो कार्यक्रम प्रेरित थियो र आधुनिक कृषि प्रविधिको व्यापक विस्तार यसको एउटा महत्वपूर्ण भाग थियो ।

राजनीतिक व्यवस्थाको हिसाबले एकअर्काको विरोधी भए पनि चाखलाग्दो कुरा चाहिँ के छ भने साम्यवादी भनिने मुलुकहरू पनि संसारमा आधुनिक कृषिको विस्तार नै कृषि विकासको बाटो हो भन्ने सोचबाट निर्देशित थिए । रासायनिक मलको प्रचुर प्रयोग, कृषिबालीमा लाग्ने किरा विरुद्ध विषादीको व्यापक प्रयोग तथा ठूला ठूला मेसिनहरूको प्रयोग गर्ने कुरामा झट्ट हेर्दा एकअर्काका विरोधीजस्ता लाग्ने राजनीतिक व्यवस्थाहरुबीच समानता थियो । औद्योगिक उत्पादनको विस्तारमा लागि परेका यी देशहरू कृषिलाई पनि अरु औद्योगिक कारखानाकै रूपमा हेर्न सकिन्छ भन्ने सोच राख्दथे ।

बीसौं शताब्दीको पहिलो दशकमा कृषिलाई औद्योगिक गर्ने प्रक्रियाका रूपमा रासायनिक मलको उत्पादन, ठूलाठूला मेसिनहरूको प्रयोग यी देशहरूमा व्यापक भएको थियो । दोस्रो विश्वयुद्धपछि यो प्रक्रिया द्रूततर गतिमा अघि बढ्न थाल्यो । युद्धकालमा रसायनिक हतियार उत्पादनमा प्रयोग हुने प्रविधि विषादीको उत्पादनमा प्रयोग हुन थाल्यो । अमेरिकाजस्तो

देशमा सरकार तथा ठूलाठूला कर्पोरेसनहरू आधुनिक कृषिका लागि चाहिने रासायनिक मल, विषादी, ठूलाठूला औजारको उत्पादनमा लाग्नुको साथै यसको प्रयोग विस्तारका लागि चाहिने अध्ययन अनुसन्धान गर्ने संस्थाहरूको निर्माणमा पनि व्यापक रूपमा लागे । किसानको काम एउटा कारखानाको व्यवस्थापकको जस्तो हो भन्ने सोचको विस्तार यसै अवधिमा भएको हो । दोस्रो विश्व युद्धको अन्ततिर आइपुग्दा औद्योगिक देशहरूका सरकारहरु, ठूला किसानहरू तथा विज्ञहरूबीच आधुनिक कृषि नै कृषि विकासको एक मात्र बाटो हो भन्ने बुझाइमा मतैक्यता भैसकेको थियो ।

नेपालमा चारबुँदे कार्यक्रम अन्तर्गत भित्रिएको कृषि विकासका परियोजना यसै सोचबाट निर्देशित थियो । अमेरिकाका विभिन्न स्थानीय सरकार मातहत आधुनिक कृषिको विस्तारमा लागेका विज्ञहरू पनि नेपालमा त्यो परियोजनामा काम गर्नका लागि आए । उनीहरूले हजारौँ नेपालीलाई आधुनिक कृषिबारे तालिम दिए । कतिलाई अमेरिका लगेर तालिम दिए, धेरै भारतका विभिन्न कृषि विद्यालयमा पढ्न गए । नेपालमा कृषि विकास कार्यक्रम अन्तर्गत आएका अमेरिकीहरू नेपालका गाउँगाउँमा गएर आधुनिक कृषिका परियोजनाहरू चलाए । देशभरि आधुनिक कृषिको विचार फैलाउन नेपाली विज्ञहरू लागे । सरकारी निकायको गठन तथा विस्तार भयो । जिल्ला जिल्लामा कृषि विकास कार्यालयको स्थापना भयो । जेटीए र कृषि अधिकृतहरू विभिन्न कृषि विद्यालयहरूबाट तालिम प्राप्त भएर निस्किए । जिल्ला जिल्लाका विभिन्न भागमा कृषि प्रसार कार्यलयहरू स्थापना गरिए ।

कृषिसम्बन्धी कार्यक्रमहरू रेडियोबाट देशभरि सुनिन थाले । नेपालका राजनीतिज्ञहरू पनि आम मानिसलाई आधुनिक कृषि अपनाउनका लागि उत्साह भर्ने खालका भाषण गर्न थाले । देशव्यापी विस्तार हुँदै गएको आधुनिक शिक्षा व्यवस्थामार्फत आधुनिक कृषिलाई विद्यार्थीहरू माफ विस्तार गरिन थालियो । पत्रपत्रिकामा यसबारे लेख छापिए । कृषि प्रदर्शनीहरू हुन थाले । विगत छ दशकको आधुनिक कृषिको सोच तथा प्रयोगको विस्तारबाट आम रूपमा देशको विकास वा खाद्य सुरक्षा आधुनिक विकासभन्दा अरु बाटोबाट हुन सक्दैन भन्ने सोच स्थापित भएको छ । बितेका छ दशकमा आधुनिक कृषि आम समाजमा प्रभुत्व जमाउन पुगेको छ । यो सबै कुराको सन्दर्भमा राखेर हेर्दा नागरिक न्युजको उपर्युक्त लेखमा पत्रकार रामचन्द्र भट्टको जैविक खेतीको विपक्षमा गरिएको तर्क प्राकृतिक नै लाग्छ ।

## दिगो कृषिका सम्भावनाहरू

समाजमा कुनै पनि विचार त्यसको सत्यताको आधारमा मात्रै स्थापित हुँदैन । आधुनिक कृषिका केही देखिने पक्षहरू छन् । जस्तो कुनै बालीमा रासायनिक मल हाल्यो भने बाली हलक्कै बढ्छ । कुनै बालीलाई नष्ट गर्ने किरा विषादीले मारेका आँखैले देख्न सकिन्छ । यी पनि सत्य नै हुन् । तर आधुनिक कृषिको कुरा गर्दा यस सम्बन्धि सोचले प्रभुत्व जमाएको कारण चाहिँ यी देखिने सत्यहरुका कारणले मात्रै चाहिँ होइनन् । आधुनिक कृषिका परियोजनाहरूमा व्यापक मानिसहरू तथा संस्थाहरूको संलग्नता हुन्छ । यस्ता परियोजनाहरूमा राज्यले ठूलो धनराशि खन्याउँछ । रासायनिक मल तथा विषादी लगायत अरू आधुनिक कृषिका लागि चाहिने चीजहरूको व्यापार ठूलाठूला कम्पनीले गर्दछन् । उनीहरू विज्ञहरूलाई रोजगारी दिने तथा अनुसन्धानका लागि चाहिने स्रोत जुटाउने काम पनि गर्दछन् । आमसञ्चारमा आउने समाचारहरूमा उनीहरू आफ्नो पकड कायम राख्ने प्रयास गरिरहन्छन् । यसरी आधुनिक कृषिका वरिपरि एउटा ठूलो जमात संलग्न भएको छ ।

दशकौं सम्मको निरन्तर प्रचारप्रसारबाट आधुनिक कृषिको विचारको प्रभुत्व स्थापित भए पनि यो अहिले संकटग्रस्त अवस्थामा छ । आधुनिक कृषिका कारणले जमिनको उर्वराशक्तिमा संसारभरि क्षय भएको छ । यसलाई चाहिने पानीको अभाव जतातत्तै देखिन थालेको छ । जलवायु परिवर्तनले गर्दा एकै खालको बालीनालीको व्यापक उत्पादन बढी जोखिमपूर्ण हुँदै गएको छ भने आधुनिक कृषि आफै हरितगृह ग्याँस उत्सर्जन गर्ने एउटा महत्वपूर्ण क्षेत्र भएको छ । साना किसानहरू अझ बढी सीमान्तीकृत हुँदै गएका छन् भने उत्पादन लागतका कारणले धेरैका लागि कृषि पेसा थेग्न गाह्रो हुँदै गएको छ । बिउका विविधताहरू हराउँदै गएका छन र किसानहरू बिउका लागि ठूलाठूला कर्पोरेसनहरुमा निर्भर हुँदै जान थालेका छन् ।

आधुनिक कृषिमाथि संसारभरिबाट व्यापक प्रश्नहरू उठ्न थालेपछि सन् २००२ मा विश्व बैंक तथा विश्व खाद्य संगठनको अगुवाइमा कृषिसम्बन्धी विज्ञान तथा प्रविधिको अन्तर्राष्ट्रिय मूल्याङ्कन सुरु गरिएको थियो । विभिन्न देशका चार सय विज्ञहरूको संलग्नतामा चार वर्ष लगाएर गरिएको उक्त मूल्याङ्कनको निर्क्योल अहिले चलिरहेको आधुनिक कृषिले वातावरणको संवर्द्धन, खाद्य सुरक्षा तथा सामाजिक न्यायको प्रवर्द्धन गर्न सक्दैन भन्ने निष्कर्ष निकालेको थियो ।

सन् २००८ मा संयुक्त राष्ट्र सङ्घीय वातावरण कार्यक्रमले गरेको विस्तृत अध्ययनले जैविक तथा दीगो कृषिका अभ्यासले थुप्रै अफ्रिकी मुलुकहरूमा खाद्यसुरक्षाका लागि मात्रै नभई किसानहरूको आम्दानी बढाउन, पानीका स्रोतहरू जगेर्ना गर्न, जैविक विविधता बचाउन, किसान तथा उपभोक्ताको स्वास्थ्य सुधार्नसमेत सघाउ पुऱ्याउने कुरा देखाएको छ । यति मात्रै होइन, यस्तो कृषि प्रणालीले किसानहरूको आपसी सद्भाव पनि विस्तार गर्ने र समाजमा हुने केही द्वन्द्व पनि कम गर्ने पनि देखाएको थियो । यसै अध्ययनलाई नै जैविक खेतीबारे तेस्रो विश्वका मुलुकहरूमा गरिएको सबभन्दा विस्तृत अध्ययन मानिन्छ ।

बितेका केही दशकमा संसारभरि नै कृषिमा दिगो तौरतरिका फैलाउनका लागि ठूला साना प्रयोगहरू पनि भएका छन् । सन् १९९० मा क्युबामा गरिएको वातावरणीय कृषिको व्यापक विस्तारले पनि पर्यावरणीय विनाश नगरीकनै एकदमै थोरै स्रोतहरूको प्रयोग गरेर पनि उत्पादकत्व बढाउन सकिन्छ भन्ने कुरा देखायो । त्यसै गरी भारतको आन्ध्र प्रदेशमा विगत सात वर्षदेखि हुँदै आएको पर्यावरणीय कृषिको व्यापक विस्तारबाट पनि बाहिरी स्रोतहरुको प्रयोगविना नै वातावरणीय कृषिबाट किसानहरूको जीवनस्तर उकास्न, वातावरण जोगाउन तथा उत्पादकत्व बढाउन सकिने कुरा प्रमाणित भएको छ ।

सरकार तथा अन्तर्राष्ट्रिय संस्थाहरूले विस्तारै दीगो कृषिको बाटो लिनुपर्ने कुरा स्वीकार्न थालेका छन् । विश्व बैंक तथा अन्य धेरै संस्थाहरूको संलग्नतामा गरिएको मूल्याङ्कनमा पनि अहिलेको आधुनिक कृषिको एकोहोरो विस्तारबाट खाद्यसुरक्षा, वातावरणीय सन्तुलन तथा सामाजिक न्याय स्थापना गर्न नसकिने कुरा प्रष्ट पारिएको छ । सन्ताउन्न देशमा गरिएको अध्ययन अनुसार पर्यावारणीय कृषिबाट ८० देखि ११६ प्रतिशत सम्म उत्पादन बढेको कुरा हालसालै खाद्य सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघीय उच्चायुक्त डे सुटरले बताएका छन् । नेपालमा पनि परम्परा देखि नै दिगो कृषिको विधि अवलम्वन गर्दै आएका साना किसानहरु छन् । उनहरुले आधुनिक कृषि प्रणाली नअपनाई उत्पादनमा कुनै कमि नभएको उदाहरण देखाएका छन् ।

## ७७ बर्षिय मेहनती किसान जयनारायण सापकोटा

**माटो हो हुनता तथापी गहिरा आँखा हुने सज्जन ।**
**दाना सुन्दर स्वर्णका झलझली देख्लान गुडेका कण ॥**

यो माटोमा सुन फलाउन सक्ने मेहनती किसानको कथा हो । मेहनत गर्न उमेरले छेक्दैन भन्ने उदाहरण बाग्लुङ जिल्ला दमेक गाविस ३ चैरागका ७७ बर्षिय जयनारायण सापकोटाबाट सिक्न सकिन्छ । उनको घरमा मात्र ४ जनाको परिवार छ जसमा आफु छोरा, वुहारी र ४ बर्षिय नातीनी त्यसमा पनि छोरा विदेश गएका छन । जयनायरण विहान ४ बजे देखि राती १० बजे सम्म आफ्नो घर र खेतबारीको काममा व्यस्त हुन्छन । उनलाई ७७ बर्षको उमेर सम्म कुनै किसिमको रोग छैन । उनको खेतबारीमा हावापानी र माटो सुहाउने के चाहीं बोट विरुवा, वालिनाली छैन भनेर खोज्नु पर्छ । बाटोमा सुन फलाउन सकिन्छ भन्ने उनमा विश्वास छ । बाटो नै मानव जीवनको प्राण हो भन्ने उनको बुझाई छ । उनले आफ्नो घरको आँगन बाहेक खेतबारीलाई खाली राखेका छैनन । मौसम अनुसारका तरकारी, फलफुल, डालेघाँसले झपक्क ढाकेको देखिन्छ । राती ६ घण्टा सुत्ने समय बाहेक उनको तन, मन, शरिर पुरै फलफुल, तरकारी, अन्न, पशु हेरचाहमा वितेको हुन्छ । आफ्नो परिवार बाहेक कामगर्ने कुनै पनि मान्छे राखेका छैनन । कर्मलाई आफ्नो धर्म मान्ने र कामलाई बोझको रुपमा नलिने जयनारायणको भनाई छ । ७७ बर्ष सम्म दाँत हल्लिएको पनि छैन भने ग्याष्टिक होस या अरु कुनैपनि सामान्य रोगले छोएको छैन । विहान वेलुकाको खानामा बारीमा फलेका ताजा तरकारी, आफ्नै खेतको अन्न र दैनिक दुध सँग खाना खाने गर्दछन । घरमा पाहुना आउँदा पनि कुनै न कुनै काम जस्तै डोरी बाट्ने, मकै छोडाउने, कोदो कुट्ने गर्दै गफगाफ गर्ने उनको बानी छ । घरमा उत्पादन भएका फलफुल, तरकारी छिमेकीहरुलाई बाड्ने गर्छन । आफु सँग भएको १५ रोपनी खेतबारी कसैलाई कमाउन दिएका छैनन । उक्त जग्गामा लगाएका तरकारी, फलफुल, जडीबुटी अन्नबाली गरी जम्मा ५१ प्रजाति प्रत्यक्ष देख्न सकिन्छ । जसमा मेवा, अम्बा, सुन्तला, केरा( मुङग्रे, जाजी, बाइसे, नङग्रे), अंगुर, कफी, नास्पाती, निवुवा, भोगटे, लहरेआँप, रुखआँप, विमीरो, रुख कटहर, भुई कटहर, तुलसी, सयपत्री, गुलाब, निलकमल, पुदिना, रायो, लौका, स्कुस, चिचिण्डा, कुविण्डो, गोलभेंडा, भेंण्टा, सिमि, बोडी, मास, भट्मास, मुसुरो, कोदो, मकै, जौ, आलु, केराउ, तोरी, बडहर, खन्यु, आँखीतरे, कुट्मीरो, बाँस, निगालो, दवदवे, चुलेत्रो, निगालो, गायो, टाँकी यसैगरी पशुपालनमा भैंसी ३ वटा, बाख्रा ५ वटा, महुरी ४ घार, परेवा छन् । जयनारायण सापकोटाको मेहनतलाई देखेर सवै गाउँलेहरु पनि मेहनती वनेका छन् ।

**- कमल भण्डारी**

## चुनौतीहरू

पर्यावरणीय कृषि उत्पादकत्व वृद्धि, खाद्यसुरक्षा, पर्यावरणीय सन्तुलन तथा जैविक विविधता कायम राख्नका लागि आवश्यक छ भन्ने कुरा अब विस्तारै स्वीकार्न थालिएको छ । तर यसको विस्तार भने कम चुनौतीपूर्ण छैन ।

खेतीपातीको कुरा गर्दा किसानको जीवन र उनीहरुको बृहत्तर अर्थव्यवस्थामा हुने संलग्नताको राम्ररी लेखाजोखा गर्नुपर्दछ । साथै किसानी कार्यको पुस्तैनी हस्तान्तरण पनि उत्तिकै महत्वपूर्ण हुन्छ । अर्थात, नयाँ पुस्ताका मानिसहरू कृषि कार्यको निरन्तरताको लागि कृषिमा आकर्षित हुनु अनिवार्य हुन्छ । यो कुरा अर्थव्यवस्थाको अवस्था, श्रम बारेको सांस्कृतिक सोच तथा युवा पुस्ताको जीवनका लक्ष्यहरू र किसानी जनजीवनका सांस्कृतिक अवस्थाबीचको तारतम्यसँग सम्बन्धित हुन्छ ।

दिगो कृषिको विस्तार नहुनुमा थुप्रै कारण छन् । एक त, नागरिक दैनिकको लेखमा भट्टजीले गर्नुभएको जस्तो सतही तर्क गर्नेहरूको ठूलै हिस्सा राष्ट्रिय कृषिसम्बन्धी नीति निर्माण तथा कार्यक्रम बनाउने र लागू गर्ने निकायमा बसेको छ । यद्यपि यस सम्बन्धमा हालै केही सुधार भएको सङ्केत देखिएको छ । नेपालमा समग्र कृषिको समस्या प्राविधिक मात्र नभएर सामाजिक, सांस्कृतिक तथा अर्थ राजनैतिक रूपले निक्कै जेलिएको छ । सामाजिक तथा आर्थिकरूपले यो पेसा तिरष्कृत बनिरहेको छ । कृषि उपजको मूल्य निर्धारण तथा बजार व्यवस्थामा उत्पादकहरू भन्दा पनि बीचौलियाहरूको बिगबिगी छ । कृषि क्षेत्र र औद्योगिक तथा सेवा क्षेत्रबीचको सम्बन्ध एकदमै असमान छ । एउटा सामान्य उदाहरण- डाक्टरले एक दिनमा गर्ने कमाइले साना तथा मध्यम किसानको झन्डै झन्डै वर्षभरिको उत्पादन किन्न पुग्छ । सार्वजनिक स्वास्थ्यको अवस्था कमजोर भएको अहिलेको अवस्थामा बिरामी पर्ने बित्तिकै किसानको आम्दानीको ठूलो हिस्सा औषधी तथा डाक्टरको शुल्कमा खर्च गर्नुपर्ने अवस्था छ ।

सांस्कृतिकरूपले स्वतन्त्रता मन पराउने युवाहरूका लागि गाउँमा बसेर खेतीपाती गर्न गाह्रो छ । उनीहरूमा सहर र परदेशको आकर्षण दिनप्रतिदिन बढ्दो छ । केही समय अघि अङ्ग्रेजी दैनिक पत्रिकाको एक लेखमा सुष्मा जोशीले भनेकी छन्- “गाउँमा पनि सिनेमा हल, कफी दोकान, नाट्यशाला, सङ्गीत उत्सव, प्रेम उत्सव गर्न पाए र गाउँमा कृषिको उत्पादन बढाउन सके धेरै मानिस गाउँमा नै बस्ने थिए ।

नेपालमा विगत साठी वर्षदेखि अनवरतरूपमा हरेक दिन रासायनिक मल तथा विषादी प्रयोगका बारेमा आमसञ्चार, सरकारी कार्यक्रम, विकासे गोष्ठी, कृषि अध्ययन संस्थाहरूको पढाइ आदि मार्फत निरन्तर एकतर्फी कुराहरू आइरहेका छन् । यस्ता सवालले हाम्रो कृषि उत्पादनको जटिल समस्यालाई साँघुरो प्राविधिक विश्लेषणमा गएर टुङ्ग्याउँछन् । नेपालको कृषि उत्पादनको समस्या रासायनिक मलको अभाव, विषादीको अभाव वा अरू कुनै प्रविधिको अभावको रूपमा प्रस्तुत गरिन्छ । यस्तो लाग्छ, मानौं यी कुराहरु कुनै प्रश्न विहीन, स्वस्पष्ट सत्य हुन् । नेपालमा पर्यावरणीय कृषिको विस्तारमा लाग्नेहरूले दुई पक्षमा सशक्त हस्तक्षेप गर्नु जरुरी छ । एकातिर पर्यावरणीय कृषिबारेका भ्रम चिर्ने खालका विचारहरू विभिन्न माध्यमबाट आम मानिस माझ लैजानु पर्दछ भने अर्कातिर नेपालमा दीगो कृषिको

क्षेत्रमा हुँदै गरेका उत्साहवर्द्धक अनुभवहरुलाई पनि विस्तार गर्नु जरुरी छ । काभ्रे, सिन्धुपाल्चोक, धनकुटा, चितवन, तनहूँ, लमजुङ्ग, सुर्खेत, बाग्लुङ्ग लगायत थुप्रै जिल्लाका थुप्रै गाउँहरूमा किसानहरू बढ्दो संख्यामा रासायनिक मल तथा रासायनिक विषादी प्रयोग नगरीकनै खेती गर्न थाल्दै गएका कुराहरू विभिन्न अखबारका भित्री पृष्ठका समाचारमा निरन्तर आउँदै गरेका छन् ।

## निष्कर्ष

नेपालमा पनि दिगो कृषिका उत्साहवर्द्धक अनुभव अगाडि आइरहेका छन् । ती अनुभवलाई विस्तार गर्नु नेपालमा दीगो कृषिको विस्तारको लागि अनिवार्य छ । तर पर्यावरणीय कृषि, कृषकको मात्रै सरोकारको विषय होइन भन्ने पनि बुझ्नु जरुरी छ । नेपालमा स्वास्थ्यका क्षेत्रमा काम गर्नेहरूका लागि खाद्यान्न उत्पादन तथा वितरणको बारेमा सोच्नु एकदम जरुरी छ । नेपालमा हुने स्वास्थ्य समस्याहरूको ठूलो भाग खानाको अभावका कारणले हुने गर्दछ र रसायनिक मल र विषादी युक्त खानाले सहरियाहरु पनि विभिन्न रोगले आक्रान्त हुँदै गएका छन् । नेपालका धेरैजसो वातावरणीय समस्याहरू कृषि प्रणालीसँग सम्बन्धित छन् । दीगो कृषिको प्रवर्द्धनका लागि यी अन्तरसम्बन्धहरू बुझी त्यसको आधारमा धेरै मानिसलाई संलग्न गराउनु आवश्यक हुन्छ ।

## सन्दर्भ सामाग्री

http: // www .srfood.org /i mages / stories / pdf / press _ releases / 20110308 _ agroecology - report - pr _ en.pdf

●●●